# पूर्ण सरसफाई बाताबरण मैत्रि रणनीतिक योजना २०७२

## १.प्रस्तावना

योजना प्रक्रियामा वातावरण, जलवायू परिवर्तन अनुकुल, विपद् एवं फोहर व्यवस्थापन सम्वन्धि विषयहरु मूल प्रवाहिकरण गर्न र स्था निय शासन पद्धतिलाई वातावरण मैत्री बनाई दिगो विकास गर्न अधारभुत तह देखि नै सबैलाई जिम्वेवार बनाउन आवश्यक छ । वातावरण , जनसंख्या, गरिवी र विकासमा समन्वय तथा सहकार्यलाई प्रोत्साहित गरी वातावरणको दिगो व्यवस्थापनका लागि यसका आयामहरुलाई स्थानियकरण गर्दे स्थानिय स्वामित्व बढाउन नेपाल सरकारको सरसफाइ गुरु योजना २०६८, वातावरण मैत्री स्थानीय शासन प्रारुप २०७०,विभिन्न क्षेत्रगत ऐन, नियम र नीतिमा छरिएर रहेका पुर्ण सरसफाइ संग सम्वन्धित प्रावधानहरु लाई सरल र मापनयोग्य सूचक सहित प्रस्तुत पूर्ण सरसफाई बाताबरणमैत्रि रणनीतिक योजना २०७२ तयार गरिएको छ ।

नगरपालिकाको नेतृत्वदायी भुमिकामा यस पूर्ण सरसफाई बाताबरणमैत्रि रणनीतिक योजनाका सुचकहरु हासिल गरी नगरपालिकालाई नै पुर्ण सरसफाई वातावरणमैत्री बनाउने उद्धेश्य प्रस्तुत रणनीतिक योजनाको छ ।

## २.पृष्ठभूमि

वातावरणको सर्वसिद्ध र सर्वमान्य परिभाषा गर्न कठिन छ । सनातन हिन्दू धर्मशास्त्रको पञ्च तत्व सम्बन्धी सिद्धान्तले जल, थल, आकाश, वायु र अग्निलाई शुद्ध तत्वका रूपमा लिई यसैलाई समग्रमा वातावरण भनिएको छ । नदीनाला, पहाड, वायुमण्डल, वनस्पति, जीवजन्तु लगायत मानवीय क्रियाकलाप तथा मानव द्बारा सृजित र निर्मित विभिन्न प्रणालीको समष्टिगत रूप नै वातावरण हुँदा यसको संरक्षणका लागि सदैव प्रयत्नशील रहनुपर्छ । वातावरण सदैव सफा र स्वच्छ हुनुपर्छ । स्वच्छ वातावरण विना मानिसको भौतिक, आर्थिक, सांस्कृतिक, सामाजिक जीवन अटूट रूपमा चल्न सक्दैन । वातावरणले मानिसको जन्मने, हुर्कने तथा व्यक्तित्व विकासमा प्रभाव पारिरहने हुँदा स्वस्थ जीवनका लागि स्वच्छ वातावरणको आवश्यक्ता पर्दछ । प्रदूषित वातावरणबाट मुक्ति पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५ तथा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार सम्बन्धी महासन्धि, १९६६ को धारा ११, १२ ले उच्चस्तरीय एवं स्वस्थ जीवनको अधिकारको प्रत्याभूत गराउनु राज्यको दायित्व भएको प्रष्ट्याएको छ । त्यसरी नै नेपालद्वारा हस्ताक्षर गरेका जैविक विविधता सम्बन्धी महासन्धि तथा जलवायु परिवर्तन सम्बन्धी महासन्धिहरु सन्धि ऐन, २०४७ बमोजिम कानून सरह हुने भएकाले पनि वातावरण संरक्षणका लागि राज्यले त्यसको पूर्ण पालना गर्नु पर्ने हुन्छ । यसको अतिरिक्त सन् १९९२ मा ब्राजिलमा भएको रियो घोषणामा पनि नेपालले सहमति जनाइसकेको हुँदा वातावरण संरक्षण प्रति राज्यको दायित्व भएको कुरालाई नकार्न

सकिंदैन । प्रदूषित वातावरणमा मानवीय जीवन मात्र होइन, समस्त प्राणी जगत् नै खतरामा पर्छ । यस स्थितिमा मानवजातिको बाँच्न पाउने हक प्रायः समाप्त हुन जान्छ ।

देशमा बढिरहेको आधुनिक प्रविधि, उद्योग, कलकारखाना, बढ्दो जनसंख्या तथा अव्यवस्थित शहरीकरणले गर्दा देशमा दिन प्रतिदिन वातावरणीय समस्या देखा परिरहेका छन् । शीशा, प्लास्टिक जस्ता नकुहिने वस्तुहरु वातावरणीय समस्याको कारकतत्व बनिरहेका छन् । उद्योग, कलकारखाना, सवारी साधन, इँटाभट्टाबाट निस्कने धुवाँ/धुलो, रसायनयुक्त फोहोर, पानीको उचित व्यवस्थापन नगरिनाले नदीनाला/खोलाको पानी, आफू वरिपरिको वायु प्रदूषित हुने समस्या थपिंदैछन् । प्रदूषित वातावरणले रोगलाई निम्त्याउने गर्छ र स्वरुपलाई कुरुप बनाउछ । घरको फोहोर बाटोमा फालेर आफूलाई सफासुग्घर भएको ठान्ने मानवीय प्रवृत्तिले गर्दा आफू वरिपरिको वातावरण सफा हुन सकिरहेको छैन ।

चर्पीको फोहोर पानी नदीमा पठाई आफ्नो घर सफा बनाउने जस्ता गलत सोचको कारणले पनि हामी वरिपरिको वातावरण दूषित भइरहेको छ । खेतीयोग्य तथा हरियालीयुक्त जमीन नष्ट हुने क्रम बढ्न थालेको छ । आधुनिक शहर तथा बस्ती विकास गर्ने परिपाटीको विकासले पनि यसको समस्या थप जटिल हुँदै गइरहेको यथार्थ हो । शहरको आधुनिकीकरणसँगै बढ्दो मानवबस्तीले पानीको मुहान सुक्ने, वनजंगल, खेतीयोग्य जमीन नष्ट हुने तथा घट्दै जाने कारणले वातावरण दूषित बन्दै गइरहेको छ । वातावरणीय ह्रासले गर्दा बाढी, पहिरो, भूस्खलन, अतिबृष्टि, अनाबृष्टि , बेमौसमी वर्षा जस्ता हानिकारक कार्यको शुरुवात हुने गर्छ, जुन समस्त प्राणी जगतको लागि दुर्भाग्य सिद्ध हो । त्यसैले फोहोरको उचित व्यवस्थापन हुनु जरुरी छ ।

प्रयोग गर्न योग्य फोहोरबाट जैविक मल बनाई कृषिको लागि प्रयोग गरेको खण्डमा यसको व्यवस्थापनको समस्यामा कमी ल्याउन सकिन्छ ।

फोहोरलाई मोहर बनाउन सके देशको अर्थतन्त्रको विकासमा ठूलो टेवा पुग्छ । प्रदूषित वातावरणबाट मानव, जीव एवं वनस्पति जगतमा आउन सक्ने नकारात्मक असरलाई न्युन पार्न कानुन बनाइएको हुन्छ । गोदावरी मार्बलको मुद्दामा भएको अदालती आदेश पछि देशमा वातावरण संरक्षण ऐन, २०५३ बनेको पाइन्छ । वातावरणीय ह्रासबाट मानव जाति माथि हुनसक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ र स्वस्थ वातावरण कायम गर्नु यो ऐनको प्रमुख उद्देश्य हो । यसको दफा ७ मा कुनै पनि व्यक्तिले वातावरणमा प्रतिकूल प्रभाव पार्ने गरी जनजीवन वा जनस्वास्थ्यमा खतरा हुनसक्ने किसिमको प्रदूषण सृजना गर्न वा मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनि, ताप, रेडियोधर्मी विकिरण तथा फोहोरमैला निष्काशन गर्न नहुने व्यवस्था गरेको छ । कसैले वातावरणमा प्रतिकूल प्रभाव पार्ने कार्य गरेमा त्यसको प्रयोगमा रोक लगाउन सक्ने अधिकार यो ऐनले दिएको छ । इँटाभट्टा सञ्चालकले परम्परागत चिम्नी प्रयोग गर्न नपाउने, स्थायी चिम्नी प्रयोग गर्नुपर्ने, वनक्षेत्रबाट १ कि.मी टाढा हुनुपर्ने, ईन्धनको रुपमा रबर, प्लास्टिक, टायर, दाउरा प्रयोग गर्न नपाउने जस्ता शर्तको मापदण्ड २०५९ मङ्सिर २६ गतेको मन्त्रीस्तरीय निर्णयबाट

तोकि दिएको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा स्थानीय निकायले वातावरण संरक्षण र सम्वर्द्धनका लागि आवश्यक कार्य गर्न सक्ने देखिन्छ । स्वस्थ्य वातावरणको प्रवद्र्धन गर्न वन ऐन, २०४९ अस्तित्वमा छ । त्यसरी नै फोहोरमैलाबाट जनस्वास्थ्य तथा स्वास्थ्य वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ वातावरण कायम गर्न फोहोरमैला व्यवस्थापन ऐन, २०६८ कार्यान्वयनमा छ । त्यसरी नै मिति २०७० अशोज २३ मा नेपाल सरकार मन्त्रीपरिषदवाट वातावरणामैत्री स्थानिय शासन प्रारुप, २०७० ल्याईएको छ । यसले फोहोर मैलाको प्रदूषण रहित ढंगले व्यवस्थापन गर्ने दायित्व स्थानीय निकायलाई तोकिदिएको छ । सोही दायित्व पुरा गर्न यो पूर्ण सरसफाई बाताबरणमैत्रि रणनीतिक योजना २०७२ अगाडि सारिएको छ ।

## २.१ रामधुनी भासि नगरपालिकाको परिचय

### २.१.१ रामधुनीको किम्बदन्ती

किम्बदन्ती अनुसार त्रेतायुगमा मर्यादा पुरुष रामचन्द्र वनबास आउने क्रममा धुनी जगाएर बास बसेको र त्यो स्थान छोडी हिँड्दा आफ्ना पाउका एक जोर खराउ छाडी गएको भन्ने पौराणिक भनाइ रहँदै आएको छ। रामचन्द्रको पाउ स्पर्स भएको यस पवित्र भूमिमा आफ्नो ध्यानलाई पूर्ण गर्न बसेका बाबा वनस्खण्डी नाम गरेका योगीले रामचन्द्रले जगाएका अग्निलाई निभ्न नदिई राखेर त्यसबाट प्राप्त भएको विगुत(खरानी) प्रसादको रूपमा वितरण गर्ने प्रचलन सुरु भएको थियो। रामधुनी मन्दिरमा गएर पूजाआजा गर्ने र त्यहाँ उत्पादित विगुत लगाएमा चिताएको पूरा हुने जनविश्वास अहिलेसम्म पनि जीवितै रहेको छ। यस देखि बाहेक रामचन्द्रले किशोर अवस्थामा राजकुमारी विदिन्युलाई भेट्न आउँदा रामधुनी वनमा ती राजकुमारी धुनीवाली बसेको जनश्रुति पनि छ। रामधुनी सुनसरी जिल्लाको साविक सिंगीया गा.वि.स. वडा नं. २ र हाल रामधुनी भासि नगरपालिका वडा नम्वर १० मा पर्दछ। सुनसरीको झुम्का बजारदेखि करिब ७ कि.मी. पश्चिममा पर्ने धुनिवनमा अवस्थित रामधुनिमा भगवान रामले धुनि जगाएको भन्ने धार्मिक विश्वास छ। ऐतिहासिक खोजीका आधारमा त्यस स्थानमा सर्वप्रथम वनखण्डी वावाले धुनि जगाएर साधना गरेका थिए। उनको समय करिब ३००० वर्ष अगाडि तिरको मानिएको छ।

रामधुनिमा मुख्य रूपमा धुनि मन्दिर र दरवार मन्दिर छन्। धुनिमन्दिरमा सधै एउटा साझ(असना)को मूढो सल्काएर राखिन्छ र उक्त मूढो जली रहेको हुन्छ , जसको खरानी नै त्यहाँको देव प्रसाद मानिन्छ। यसै गरी दरवार मन्दिरलाई लङ्गौट मन्दि र पनि भनिन्छ। त्यस भित्र चन्द्र, शिवलिंग, दूर्गा र सिंहका मूर्तिहरू राखिएका छन्। वन स्खण्डी वावाले बोकेर हिड्ने मनचिन्ते चिम्टा पनि त्यसै मन्दिरमा राखिएको छ। धुनिवन सुनसरी खोलाको किनारमा छ , जसको क्षेत्रफल करिव २२०० हेक्टर छ । एउटा किंवदन्तीमा वन स्खण्डी वावाले यहाँका सखुवाको बोटमा चिम्टा रोपेर आँपका वृक्ष बनाएका थिए भनिन्छ । यस क्षेत्रका पुराना आँपका बोटहरु सखुवाका रुख जस्ता देखिन्छन ।

रामधुनी र धरान पिण्डेश्वरको एक आपसमा सम्बन्ध रहेको पाइन्छ। पिण्डेश्वरको अखण्ड ज्योती निभेमा रामधुनिको आगो लगेर बाल्नु पर्द छ भने रामधुनिको निभेमा पिण्डेश्वरबाट ल्याएर त्यहाँको मूढा सल्काउनु पर्छ भन्ने मान्यता छ।

भनिन्छ, पिण्डेश्वरका बाघम्बर र चिताम्बर, रामधुनिका वनसखण्डी तथा चतराका औलियाबाबा समकालिन थिए । उनीहरूका बारेमा कैयौ प्रकारका चमत्कारी कथा प्रसंगहरू समेत जोडिएका छन । रामधुनि धार्मिक पर्यटन मात्र नभएर फिसिङ्ग , जंगल सफारी, नौका शेयर, खुल्ला चिडयाखान, वर्ड वाचिङ्ग र जलक्रिढा पर्यटनका लागि समेत महत्वपूर्ण सम्भावना बोकेको स्थान हो । कोशीनदी र कोशी टप्पु वन्यजन्तु आरक्ष, चतरा र वराहक्षेत्र यस स्थानबाट नजीकै पर्दछन्। रामधुनिलाई एउटा पार्कका रूपमा समेत विकास गर्न सकिने संभावना छ। यस बाट उक्त क्षेत्रको पर्यटन प्रवर्द्धन भई स्थानीय मानिसहरूको जीवनस्तरमा सुधार ल्याउन समेत सहयोग पुग्ने देखिन्छ।

## **२.१.२ भा.सि. को ऐतिसिक पृष्ठभुमी**

"भादँगाउँ" (साविकको भादगाउ सिनुवारी गा.वि.स. वर्डा नं. २ मा पर्ने पुरानो भाद गाउँ) र "सिनुवारी" गाउँ ((साविकको भादगाउ सिनुवारी गा.वि.स. वर्डा नं. ६ मा पर्ने गाउँ) को विचमा साविकको गाउँ पञ्चायतको कार्यलय रहदा दुवै नाउँलाई समावेश गरी "भादँगाउँ सिनुवारी" नामाकरण गरिएको साविकको गा.वि.स. लाई आधुनिक अवस्थामा "झुम्का" भनेर चिनिन्छ । करिब २०२५/२६ साल तिर पुर्व पश्चिम लोक मार्गको निर्माणको क्रममा हालको झुम्का बजार क्षेत्रमा बयरका बुट्यानहरु थिए । त्यस वेला झुम्का बजार क्षेत्रलाई धाति भन्ने गरिन्थ्यो । तत्कालिन अवस्थामा मनोरञ्जनको साधनको रुपामा नाटकहरु ल्याइन्थ्यो । र, त्यही समयमा हालको बजार क्षेत्रमा ठूली एकादशीमा भारतको लखनऊबाट ल्याइएका नाटकका नर्तकीले बयरका बुट्यान सगँ मिल्दो जुल्दो तत्तकालिन चर्चामा रहेको हिन्दी चलचित्र "मेरा साया" को "बरेलीकी बजारमे झुम्का गिरा रे" भनि गाएको लोकप्रिय गीतको प्रभावले सुरु सुरुमा "झुम्का गिरा रे " भनि सम्बोधन गरिने यस क्षेत्रको नामाकरण पछि गएर "झुम्का" रहन पुग्यो ।

## **२.१.३ भौगोलिक स्थिती**

### **२.१.३.१ प्रशासनिक विभाजन**

- विकास क्षविकास क्षेत्र : पुर्वाञ्चल
- अञ्चल : कोशी
- जिल्ला : सुनसरी
- वडा संख्या : १०
- निर्वाचन क्षेत्र : २ र ६
- ईलाका नं. : ९

### **२.१.३.२ सिमाना**

- पुर्व : इटहरी उप महानगर पालिका
- पश्चिम : महेन्द्र नगर र प्रकाशपुर गा.वि.स.
- उत्तर : बक्लौरी र भरौल गा.वि.स.
- दक्षिण : मधेशा, डुम्राहा र भोकाहा गा.वि.स.

### २.१.३.३ भौगोलिक अवस्थिती

- ♣ क्षेत्रफल : ४८.१ वर्ग कि.मि.
- ♣ खोलाहरु : सुनसरी, हकाहा, दतकिच्चा, सेहरा, पिछडा, कजरा, अमाहा र अन्य खोलाहरु
- ♣ उत्तरी अंक्षाश : २६°२७' देखि २६°२८'
- ♣ पुर्वी देशान्तर : ८७°३३' देखि ८७°३४'
- ♣ उचाई : समुन्द्री सतहवाट १८२ देखि १८५ मिटर उचाइमा रहेको छ ।
- ♣ बन क्षेत्र :१. रामधुनी संरक्षीत बन क्षेत्र ६११.२ हे.
  २. कालीभ्फोडा कुम्याही सामुदायिक बन वडा नं. ८ क्षेत्रफल २३३.१ हे.
  ३. पुर्व उत्तर सामुदायिक बन वडा नं. ९ र १० क्षेत्रफल २९५.९ हे.
  ४. सिग्दार माभ्फिटोल सामुदायिक वन वडा नं. १० क्षेत्रफल ६२.६६ हे.
  ५. रामधुनी मन्दिर क्षेत्र वडा नं. १० क्षेत्रफल २१.२ हे
  ६. दुर्गापरी सामुदायिक बन वडा नं. ६ क्षेत्रफल ६.१ हे.
  ७. डंग्राहि पोखरी कृषी बन बाटिका वडा नं. ५ क्षेत्रफल २ हे.
  ८. निजि बन क्षेत्र (अनुमानित) १०१ हे.
  कुल जम्मा १३३३.१६ हेक्टर

### २.१.४ तापक्रम तथा हावापानी

- ♣ अधिकतम :३६ं से. देखि ३८ ं सेल्सियस सम्म
- ♣ न्यूनतम :१६ं से.
- ♣ बर्षा : औषत बार्षिक ११०० मि.लि.
- ♣ हावापानी : समशीतोष्ण

### २.१.५ घरधुरी तथा जनसंख्या

| वा.नं. | घर धुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | ७३१ | ३३५२ | १६७८ | १६७४ |
| २ | ६६६ | ३०४९ | १४५० | १५९१ |
| ३ | ५४८ | २४३७ | १११३ | १३२४ |
| ४ | ६४९ | ३१४९ | १४७१ | १६६८ |
| ५ | १२४३ | ५२८१ | २४५१ | २८३० |
| ६ | ३८८ | १६८८ | ७८३ | ९०९ |
| ७ | ३९६ | १८३४ | ८३९ | ९९५ |
| ८ | ५१९ | २३१४ | १०१४ | १३०० |
| ९ | ५६९ | २५७७ | ११९१ | १३८६ |
| १० | ६३८ | २८६८ | १३१५ | १५५३ |
| जम्मा | ६३४७ | २८५४९ | १३३०५ | १५२४४ |

श्रोत : जन गणना २०६८

### २.१.६ साक्षरता प्रतिशत

- ♣ कुल साक्षर दर ९१.६७ % महिला : ८३.७२% पुरुष ९४.३१%, वाल ९९.८३%

### २.१.७ स्वास्थ्य सुविधा

- ♣ निजि अस्पताल : २ उप स्वास्थ्य चौकी : २, स्वास्थ्य चौकि १, गाउँघर क्लिनिक ५, मेडिकल हल १५, परिवार नियोजन स्वास्थ्य केन्द्र १, एम्वुलेन्स ४

### २.१.८ भु-उपयोग

- ♣ आवास क्षेत्र : ११.४५ वर्ग कि.मि.
- ♣ कृषी क्षेत्र : १२.०५ वर्ग कि.मि.
- ♣ खुल्ला क्षेत्र : ८.४४ वर्ग कि.मि.
- ♣ बन क्षेत्र : ९.१६ वर्ग कि.मि.

## ३.दीर्घकालिन सोच

"कृषि उधममा आधारित हरित शहर,
बाताबरणीय स्वच्छ, समृद्ध र सुन्दर नगर "

## ४. लक्ष्य

निर्दिष्ट सूचकहरु प्राप्त गर्न आवश्यक कार्यहरु गरि रामधुनी भासी नगर पालिकालाई सन् २०१७ सम्ममा पूर्ण सरसफाई तथा बातावरणा मैत्रि नगरपालिका बनाउने लक्ष्य यस पूर्ण सरसफाई तथा बाताबरणमैत्रि रणनीतिक योजनाको छ ।

## ५ .उद्धेश्य

सन २०१७ भित्र नगर नगरपालिका लाई पूर्ण सरसफाई तथा बाताबरणमैत्रि नगरपालिका घोषणा गर्न यस रणनीतिक योजनाले निम्न लिखित उद्धेश्यहरु राखेको छ :

- रामधुनि भासि नगरपालिका क्षेत्र भित्र सुचकको आधारमा भौतिक सँरचनाहरुको निर्माण तथा मर्मत गरि सुचककै आधारमा नगरबासिको अनिबानीमा परिवर्तन ल्याउने ।
- फोहरजन्य बस्तुबाट नगरबासिमा लाग्ने तथा प्रसारण हुने रोगमा न्युनिकरण गर्ने ।
- रामधुनि नगरपालिकालाई सुन्दर र सफा नगरको रुपमा विकास गर्ने ।
- नगरक्षेत्र भित्र प्लाष्टिक झोलालाई पूर्ण रुपमा निषेध गर्ने ।
- नगरपालिका क्षेत्र भित्रको वातावरणमा सुधार ल्याउने ।
- ल्याण्ड फिल्ड साईडको व्यवस्थापन गर्ने ।
- नगरपालिका क्षेत्रमा आवश्यकताको आधारमा पार्कहरु निर्माण गर्ने ।
- नगर पालिका क्षेत्रमा अर्गानिक उत्पादनलाई प्रोत्साहन गर्ने ।

- नगरपालिका भित्र स्वच्छ खानेपानिको सहज पहुँच बनाउने ।
- स्थानिय शासन पद्धतिलाई वातावरणमैत्री बनाउने ।
- वातावरणमैत्री दिगो विकास गर्न अधारभुत स्तर देखि नै सबैलाई जिम्वेवार गराउने ।
- वातावरण र विकासमा समन्वय तथा सहकार्य गर्ने ।
- वातावरणको दिगो व्वस्थापनमा स्थानिय स्तरबाट कार्य भई यस्को स्वामित्व बढाउने ।

## ६.अपेक्षित प्रतिफल

**पूर्ण सरसफाई तथा बाताबरणमैत्रि रणनीतिक योजना २०७१ वाट देहायका प्रतिफल हरु प्राप्त हुने अपेक्षा राखिएको छ :**

- रामधुनि भासि नगरपालिका क्षेत्र भित्र सुचकको आधारमा भौतिक सँरचनाहरुको निर्माण तथा मर्मत भई सुचककै आधारमा नगरबासिको अनिबानीमा सुधार आएको हुने छ ।
- फोहोरजन्य पदार्थबाट लाग्ने रोगमा कमिआई नगरक्षेत्रका बासिन्दाको स्वास्थ्यमा सुधार आएको हुने छ ।
- रामधुनि नगरपालिका सुन्दर र सफा नगरको रुपमा विकास भएको हुनेछ ।
- नगरक्षेत्र भित्र प्लाष्टिक झोलाको प्रयोग हुने छैन ।
- ल्याण्ड फिल्ड साईडको व्यवस्थापन भई सँचालनमा आएको हुनेछ ।
- नगरपालिका क्षेत्रमा पार्कहरु निर्माण भई सँचालनमा आएको हुनेछ ।
- नगर पालिका क्षेत्रमा अर्गानिक उत्पादनको बढोत्तरी हुनेछ।
- नगर क्षेत्र भित्रका घर तथा शौचालयहरु सफा तथा प्रयोगमा अएको हुनेछ।
- नगरपालिका भित्र स्वच्छ खानेपानिको सहज पहुँच हुनेछ ।
- स्थानिय शासन पद्धति वातावरणमैत्री हुनेछ ।
- वातावरणमैत्री दिगो विकासका कार्यहरु घर परिबार वा तल्लो तह /ईकाइबाट शुरु हुने छ ।
- वातावरण र विकासमा समन्वय तथा सहकार्य हुने छ।
- वातावरणको दिगो व्वस्थापनका लागि स्थानिय स्वामित्व बढ्ने छ ।

## ७.कार्यक्षेत्र

पूर्ण सरसफाई तथा बाताबरणमैत्रि रणनीतिक योजना २०७१ सुचकहरुलाइ चरण बद्धरुपमा नगरपालिकाको सबै वस्ति, वार्ड, टोल विकास संस्था, विद्यालय, सर्वजनिक स्थल, सार्वजनिक कार्यालय, उद्योग, कल कारखाना, संघ संस्थाका कार्यालय, यातायातका साधन, होटलमा कार्यान्वयन गरिनेछन् । र , सबै घर परिवार यसको प्रभाव क्षेत्रभित्र पर्ने छन् ।

## ८. सिद्धान्त

देहायको सिद्धान्तमा आधारीत यो पूर्ण सरसफाई तथा बाताबरणमैत्रि रणनीतिक योजना २०७२ लागु गरिने छ।

१ वातावरण मैत्रि नगरपालिकाको निर्माणमा आधारभुत ईकाइ तथा तहबाट सम्पादन हुने कामको लागि आधारभुत इकाई तथा तहलाई नै जिम्वेवार बनाउनु पर्दछ र सो इकाई तथा तह वाट सम्पादन हुन

नसक्ने काममा मात्र माथिल्लो तहका निकायहरु संलग्न हुनु पर्दछ भन्ने सन्निकटताको सिद्धान्तमा यो प्रारुप लागु हुनेछ ।

२ घर-परिवार देखि नगरपालिका सम्मका विभिन्न तहमा वातावरण व्यवस्थापनका कार्य प्रभावकारी बनाउन सकारात्मक प्रतिस्पर्धालाई महत्वपुर्ण उत्प्रेरकको रुपमा लिईनेछ ।

३ आफुले गरेको प्रदुषणको नैतिक तथा वितिय भार प्रदुषणकर्ता स्वयंले ब्यहोर्नु पर्छ भन्ने सिद्धान्तलाई यस प्रारुपमा अत्मासात गरिएको छ ।

४ वातावरणण संरक्षणको अभियान संचालन गर्दा सामाजिक न्याय , वातावरणिय न्याय तथा आर्थिक समता जस्ता दिगो विकासका अन्तर्निहित सि द्धान्तलाई अवलम्वन गरी तदनुरुप का सुचकहरु यस प्रारुपमा स्थापित गरिएको छ ।

५ वातावरण संरक्षणले विकासका वहुपक्षीय मुद्दाहरु (जस्तै : गरिवी घटाउने, सरसफाई हासिल गर्ने , शैक्षिक चेतना हासिल गर्ने , वाल अधिकारको संरक्षण गर्ने , अपाङ्ता अधकारको संरक्षण गर्ने तथा जनस्वास्थ्यको प्रवर्द्धन गर्ने आदि विषयहरु) एक-अर्काका परिपुरकका रुपमा हासिल हुने अवधारणालाई यस प्रारुपमा अवलम्वन गरिएको छ । यसका साथै दिगो बहुआयामिक विकासका लागि विपद् जोखिम व्यवस्थापनलाई यसको एउटा अभिन्न अंगको रुपमा लिइएको छ ।

**९ रणनीतिक योजनको औचित्य**

यस योजनाको औचित्य देहाय वमोजिम रहेको छ ।

क. वातावरणमा परेका र पर्ने नकारात्मक असर घर-परिवार वा व्यक्तिमा नै पर्ने हुँदा वातावरण संरक्षणमा पनि व्यक्ति, घर-परिवार तथा समुदायको सहभागिता प्रवर्द्धन गर्नु ।

ख. विकासवाट लाभ पाउने र विनास वाट सिधै दु :ख झेल्नु पर्ने परिवारलाई वातावरण संरक्षण , विपद् जोखिम व्यवस्थापन, वालमैत्री तथा अपांगमैत्री व्यवस्थापनमा व्यापक रुपमा सरिक गराई आनीबानीमा परिवर्तन गर्न वातावरण संरक्षणका अभियानलाई अघि बढाउन दिशानिर्देश गर्ने ।

ग. फोहरमैला व्यवस्थापन, जलवायू परिवर्तन अनुकुल, जैविक विविधता संरक्षण, विपद् व्यवस्थापन तथा वातावरण संरक्षणमा सबैको काम, कर्तव्य र जिम्वेवारी स्पष्ट पार्नु ।

घ. आ-आफ्नो जिम्वेवारी र हासिल गर्नु पर्ने नतिजाको सम्वन्धमा स्पष्टता ल्याउनु ।

ङ. वातावरण संरक्षणका लागि सबै साझेदारहरु वी च आर्थिक एवं प्राविधिक सहयोग तथा सहकार्यको वातावरण सिर्जना गर्नु ।

च. सबै निकायलाई वातावरण संरक्षण , फोहरमैला व्यवस्थापन, वालमैत्री स्थानिय शासन, अपांगमैत्री व्यवस्थापन एवं विपद् जोखिम व्यवस्थापनका विषयमा संवेदनशील बनाउनु ।

छ. स्थानिय योजना प्रक्रियामा वातावरणलाई मुलप्रवाहीकरण गरी यस सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गर्न जोड दिनु ।

## **१०. रणनीतिक योजना तयारीको आधार**

यो रणनीतिक योजना तयार गर्दा वातावरण संरक्षण , फोहरमैला व्वस्थापन तथा विपद् जोखिम व्यवस्थापन सम्वन्धी प्रचलित कानुन तथा नीतिगत व्यवस्थालाई आधार लिईएको छ । नेपाल सरकारले जारी गरेका विभिन्न कार्यविधि , निर्देशिका, गुरुयोजना २०६८ को विश्लेषण, सम्वन्धित निकायहरुवाट प्राप्त विभिन्न सुझावहरु तथा नगरपालिकाको बस्तुस्थिति बिबरण र औपचारिक /अनौपचारिक रुपमा प्राप्त बिभिन्न संघ, संस्था, राजनीतिक दल, बुद्धिजिबी, भरभलादमीको सल्लाह /सुझावहरुलाई आधार मानी प्रस्तुत रणनीतिक योजना तयार गरिएको छ ।

## **११. योजनाको अबधि**

यस रणनीतिक योजनाको अवधि सन् २०१५ देखि सन् २०१७ सम्मकको हुनेछ ।

## **१२. बाधा तथा चुनौतीहरु**

यस नगरपालिकामा सरसफाइ तथा स्वच्छता प्रवर्धनको क्षेत्रमा मन्द गतिमा प्रगति हुनाका कारण तथा मुख्य-मुख्य बाधा तथा चुनौतीहरुलाई संक्षेपमा यसरी उल्लेख गर्न सकिन्छ :

- नगर पालिकाको आवधिक योजनाको कमि ।
- सरसफाइ क्षेत्रलाई विगतमा पर्याप्त प्राथमिकता नदिइनु ।
- सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि आवश्यकता अनुसार पर्याप्त लगानी नहुनु ।
- टुक्रे योजना र कार्यक्रमहरु बाध्यता वस रहनु ।
- नगरपालिका स्तरमा एकिकृत लक्ष्यको अभाव रहनु ।
- राष्ट्रिय लक्ष्यलाई स्थानीय तहको योजना र लक्ष्यमा विभाजन नगरिनु ।
- सरसफाइ तथा स्वच्छता प्रवर्धनका क्षेत्रमा गरिने लगानीमा एकरुपताको अभाव हुनु ।
- गरिब, पिछडिएका र उच्च जोखिमयुक्त वर्ग सरसफाइको मूल प्रवाहबाट बाहिर भएको कारण समता, समानता, स्वामित्व र सहभागितामा कठिनाई हुनु ।
- सरसफाई तथा स्वच्छताको प्रवर्धनमा क्षेत्रीय तथा जिल्ला स्तरीय खानेपानी तथा सरसफाई समन्वय समितिहरु कमै मात्र क्रियाशील रहनु ।
- शहरी सरसफाई (ठोस तथा तरल फोहोर मैला व्यवस्थापन) महंगो हुनु र यसमा उच्चस्तरको प्रविधिको आवश्यकता रहनु ।
- चार-आर (रियुज, रिफ्युज, रिड्युस र रिसाइकल) को सिद्धान्तका बारेमा शहरी जनतामा चेतनाको कमी र सरकारी तथा अन्य सारोकारवालाले पनि यस सम्बन्धमा प्रतिबद्धता व्यक्त गर्न नसक्नु ।
- बाटो छेउ तथा ऐलानि जग्गामा रहेको बसोबासको कारण पर्याप्त जग्गाको अभावले चर्पि निर्माण र नियमित ससफाईमा कठिनाई हुनु ।

- विद्यालययहरुमा सञ्चालन हुने अतिरक्ति क्रियाकलापमा सरसफाईलाई प्राथमिकता नदिनु ।
- सवै टोल वस्तिहरुमा खानेपानीको उचित पहुँच नहुनु ।
- सार्वजनिक स्थानहरुमा शौचालयको प्रयोगमा व्यवस्थापकले प्रगोग गर्ने शौचालय सफा राखि ताला लगाउनु र अरु शौचालयहरुको सफाईमा ध्यान नदिनु ।

## १३.सवाल, सम्भावना विश्लेषण

यस रणनीतिक योजनाका सवाल तथा सम्भावना विशलेषणलाई अनुसुचि १ मा उल्लेख गरिएको छ ।

## १४. सिकाइहरु

रामधुनी भासि नगरपालिका (साविक भा.सि. र सिंगिया गा.वि.स. खण्ड दुवैमा) साविकको दशक देखि सरसफाइ प्रवर्धनको निमित्त सक्रिय रहँदै आएका विभिन्न सरोकारवालाहरुबाट प्राप्त जानकारी तथा छलफलवाट निस्केका कुराहरु बुझ्दा कार्यक्रम कार्यान्वयन तह देखि नीतिगत तहसम्म धेरै पाठ सिकिएको छ । जुन प्रमुख रुपमा निम्न बमोजिम रहेका छन् :

### क) नीतिगत तहमा

- सबै तहमा राजनीतिक प्रतिवद्धता अनिवार्य चाहिन्छ ।
- सरसफाइको विकासको गति बढाउनका लागि टोल विकास संस्था, सामुदायिक/ सामाजिक संस्था, विद्यालय, लक्षित वर्ग, क्लव तथा वाल क्लवहरुलाई मूल प्रवाहमा ल्याउने प्रतिवद्धता एवं योजना आवश्यक छ ।
- सरसफाइ तथा स्वच्छता प्रवर्धनमा अति गरिब तथा पिछडिएका वर्गको पहुँच बढाउनको लागि विशेष रुपमा पहल गर्नु जरुरी छ । खासगरी सामाजिक रुपमा पिछडिएका समुदायलाई सरसफाई तथा सुविधाहरुमा पहुँच सुनिश्चित गर्न आवश्यक सहयोग तथा चेतना मुलक कार्यक्रमको सञ्चालन अति नै महत्वपुर्ण देखिन्छ ।
- खानेपानी तथा सरसफाई आयोजनाहरुमा आयोजना अवधि भित्र सबैको चर्पी सुविधामा पहुँच हुनु पर्दछ ।
- कार्यक्रम पद्धति तथा वित्तिय प्रणालीको सम्बन्धमा आधारभूत नर्म्स र स्तर निर्धारण गरी एकरुपता कायम गर्नु अपरिहार्य छ ।
- कार्यक्रम पद्धति, ढाँचा तथा क्रियाकलापहरुको एकरुपता र स्तर कायम गर्न संस्थागत प्रकृयाको अवलम्बन गर्नाले सफलता हासिल गर्न सकिन्छ ।
- सामाजिक मार्केटिङको माध्यमबाट सरसफाइ प्रवर्धनमा लगानी गर्न निजी क्षेत्रहरुलाई मूल प्रवाहमा ल्याउनको लागि अनुकूल वातावरण निर्माण गर्नु अत्यावश्यक छ ।
- कृषि क्षेत्रमा उत्पादकत्व वढाउने , अर्गानिक खेतिलाई बढावा गर्ने तथा बृक्षारोपण कार्यक्रमलाई योजना बद्ध ढंगले सञ्चालन गर्नु पर्ने देखिन्छ ।

### ख) कार्यान्वयन तहमाः

- सरसफाई तथा स्वच्छता प्रवर्धनको लागि टो.वि.स., वार्ड र न.पा.स्तरीय संयुक्त कार्य योजना

- निर्माण गरी सामूहिक प्रयास मार्फत दीगो रुपमा सरसफाई तथा स्वच्छताको अवस्था प्राप्तिको लागि कार्यक्रम कार्यान्वयन गर्ने ।

- सुदृढ समन्वय तथा विस्तृत सामाजिक परिचालनको लागि राजनैतिक दलहरु एवं तीनका भातृ संगठनहरुका अतिरिक्त सरकारका तथा प्रशासनिक ईकाइहरु परिचालन गर्नु अपरिहार्य छ ।

- सहकार्यमा थप बल प्रदान गर्न उच्चतम रुपमा श्रोत साधन परिचालन र सदुपयोगको लागि स्थानीय तहमा सरसफाइको क्षेत्रमा कार्यरत र अन्य सरोकारवालाहरुको सहकार्य अपरिहार्य हुन्छ ।

- पुर्ण सरसफाई गर्ने अभियानमा घर तथा सामुदायीक संस्थाहरु जस्तै स्कूल, स्वास्थ्य संस्था, सार्वजनिक कार्यालय,उद्योग वाणिज्य संघ, व्यापारीहरु, सामुदायिक कार्यालयहरुलाई समेत समाहित गर्नु अनिवार्य छ ।

- व्यापक सामाजिक परिचालनको लागि बालक्लब, विद्यालय, गैरसरकारी संस्था, सामुदायिक संस्थाहरुको परिचालन अत्यावश्यक छ ।

## १%. रणनीति

- नगरपालिकालाई प्राप्त हुने निःसर्त अनुदान मध्ये प्रचलित नियम वमोजिम लक्षित समुहलाई तोकिएको भन्दा वाहेकको कम्तिमा १० प्रतिशत रकम पुर्ण सरसफाई वातावरणमैत्री योजनाको क्षेत्रमा खर्च गर्ने गरि बजेट विनियोजन गर्ने नीति लिईने छ ।

- नगरपालिकामा निर्माण गरिने व्यक्तिगत, सस्थागत तथा सार्वजनिक भवनमा अनिवार्य रुपमा शौचालयको व्यवस्था हुनुपर्ने नीति लिईने छ ।

- नगरपालिकामा क्रियाशील गैससहरुले कार्यक्रम प्रस्तावना तयार पार्दा देखी नै पुर्ण सरसफाई वातावरणमैत्री योजनाको क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने नीति लिनु पर्ने छ ।

- नगरपालिकामा पुर्ण सरसफाई वातावरणमैत्री योजनाले तयार पारेको सुचकहरु हासिल गरि आनीबानीमा परिवर्तनको अवस्था हासिल गर्ने विद्यालय, सार्वजनिक संघ ⁄संस्था, टोल विकास संस्था, व्यक्ति, समुह, कार्यालयलाई पुरस्कृत गरिने नीति लिईनेछ ।

- बजार तथा अन्य स्थानमा रहेका होटल रेष्टुरेण्टहरुको नियमित अनुगमन गरी सरसफाईमा स्तरोन्नति गरिने नीति लिईनेछ ।

- राजमार्गको सरसफाइको निश्चित सुचकहरु वनाई अनुगमन गरिने नीति लिईनेछ ।

- सरसफाई आनीवानीमा परिवर्तन गर्नका लागि पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ । पुरस्कारको रकम पुर्ण सरसफाई वातावरणमैत्री योजनाको स्तर उन्नतिको लागि प्रयोग गर्नु पर्ने नीति लिईनेछ ।

- पुर्ण सरसफाई वातावरणमैत्री योजना वमोजिमको आनीबानीमा परिवर्तन भएको क्षेत्र ( वातावरणमैत्री क्षेत्र) घोषणा गर्ने विद्यालय, सार्वजनिक कार्यालय, टोल विकास संस्था तथा वडा समितिलाई थप अनुदानको व्यवस्था गरिने नीति लिईनेछ ।

- सरकारी कार्यालय, राजनीतिक दलको कार्यालय तथा संघसंस्थाको कार्यालयमा लैंगिक, अपांग, वालमैत्री भवन तथा चर्पी अनिर्वाय निर्माण गर्नु पर्ने नीति लिईनेछ ।

- रामधुनी-भासि नगरपालिकाको नेतृत्व र ब्यबस्थापनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको आर्थिक तथा प्राविधिक सहयोगमा यो पुर्ण सरसफाई वातावरणमैत्री रणनीतिक योजनाले लिएको लक्ष्य र उद्धेश्य पुरा गर्ने कार्यकमहरु सञ्चालन गरिने नीति लिईनेछ ।

- नगरपालिकामा आइपर्ने वाढी, पहिरो, रोग व्यादि र महामारीका कारण सरसफाई तथा स्वास्थ्यमा उत्पन्न हुने असर तथा आपतकालिन अवस्थाको समाधानका लागि विशेष व्यवस्था गरिनेछ र यस्तो अवस्था सृजना हुन नदिनका लागि पुर्व तयारी गरिने नीति लिईनेछ ।

- खानेपानी, सरसफाइ र अन्य कुनै पनि योजना संचालन गर्दा जलबायु परीबर्तनमा पर्न सक्ने नकारात्मक प्रभाव प्रति सचेत रहने नीति लिईनेछ ।

- हाट बजार, सार्वजनिक स्थल आदिमा सार्बजनिक शौचालय निर्माणको लागि नगरपालिका भरी नै एकै प्रकारको सहयोग गर्ने नीति लिइनेछ र यस्तो सहयोग एकद्धार प्रणालीबाट न्यायोचित रुपमा उपलब्ध गराइनेछ भने इकोसान तथा वायो ग्याँस जडित चर्पी निर्माण गर्ने घर परिवार तथा संस्थालाई नगरपालिकाको तर्फबाट विशेष सहयोग गरिने नीति लिइनेछ ।

- पुर्ण सरसफाई वातावरणमैत्री योजनालाई अभियानको रुपमा बहस, पैरवी तथा जनचेतना जागृति मार्फत हरेक घर परिवार र ब्यक्ति सम्म लैजान, नगरपालिकामा रहेका सबै संचार माध्यमहरुलाई साझेदारको रुपमा परिचालन गरिने नीति लिईनेछ ।

- नगरपालिकामा पुर्ण सरसफाई वातावरणमैत्री योजनाले निर्धारन गरेको सुचकलाई पुरा गर्न प्रत्येक टोल विकास तथा वडाहरुमा श्रोतव्यक्तिहरु तयार गरि क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिने नीति लिईनेछ ।

- यस योजनालाई पुर्ण रुपमा सफल पार्न सम्पूर्ण सरोकारवालाहरुले नगरपालिका स्तरमा स्थापना गरिने पुर्ण सरसफाई वातावरणमैत्री डाले कोषमा आर्थिक तथा भौतिक सहयोग जम्मा गर्ने गरि एकद्वार प्रणालीलाई टेवा पुऱ्याउने नीति लिईनेछ र यसरी जम्मा भएको कोषवाट योजनाको कार्यकम संचालन गरिने नीति लिईनेछ ।

- कार्यक्रम संचालन गर्न वडा स्तरमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, सामाजिक परिचालक, विद्यालय, स्वास्थ्य संस्थाहरु, समुदायमा आधारीत संघ/संस्थाहरु, स्थानीय यूवा क्लव, आमा समुह, सामुदायिक वन उपभोक्ता समिति, सहकारी सँस्थालाई सक्रिय रुपमा सँलग्न गराइने छ र सवै पक्षको सहकार्यलाई कार्यक्रमको सफलताको आधारको रुपमा ग्रहण गरिने नीति लिईनेछ ।

- विद्यालय क्षेत्रलाई पुर्ण सरसफाई वातावरणमैत्री क्षेत्र घोषणा गर्न सम्पुर्ण विद्यालयलाई सहयोग र सहजिकरण गरिने नीति लिईनेछ ।

- नगरपालिकामा एक नगर वातावरणमैत्री स्थानिय शासन इकाई स्थापना गरिनेछ । उक्त स्रोत केन्द्रमा सम्पूर्ण कार्यक्रम, सूचना तथा विवरणहरु अध्यावधिक गरिने नीति लिईनेछ ।

- पुर्ण सरसफाई वातावरणमैत्री योजनाले निर्धारण गरेको सुचकहरु पुरा गर्ने  टोल विकास संस्था वा वडालाई प्रतिस्प्रदाको आधारमा नमुना तथा उतकृष्ट घर परिवार, टोल विकास संस्था तथा वडा हरुलाई प्रोत्साहन र पुरुस्कार प्रदान गर्ने नीति लिईनेछ ।

- खानेपानी, सरसफाई तथा स्वास्थ्य सम्वन्धी व्यापक प्रचार प्रसारको लागि निम्नानुसारका क्रियाकलापहरु संचालन गरिनेछ :
  - नियमित (दैनीक, साप्ताहिक,पाक्षिक ) रेडियो प्रसारण कार्यक्रम संचालन गर्ने,
  - महत्वपूर्ण स्थानहरुमा सरसफाइ सम्बन्धी होर्डिङ बोर्ड राख्ने,
  - नगरपालिकाबाट चौमासिक रुपमाम सरसफाई बुलेटिन प्रकाशन गर्ने,
  - सडक नाटक, सास्कृतिक कार्यक्रम तथा अन्य प्रभावकारी तौर तरीका मार्फत पूर्ण सरसफाई तथा वातावरणमैत्रीका सन्देस प्रवाह गर्ने,
  - सरसफाईले स्वस्थ्यमा पार्ने प्रभाव बारे टोल वस्ति( विशेष गरी पिछडीएका जात/ जाति तथा  समुदाय ) तथा विद्यालयहरुमा चेतना मुलक कार्यक्रम सञ्चालन गर्ने,

- रामधुनी भासि नगरपालिकाको कम्तीमा २ वटा वडामा चालु आ.व.२०७२/०७३ मा पुर्ण सरसफाई वातावरणमैत्री वार्ड घोषणाको आयोजना गरिने छ र सन २०१७ सम्ममा क्रमश सवै वडालाई र नगरपालिकालाई पुर्ण सरसफाई वातावरणमैत्री नगरपालिका घोषणा गर्ने नीति लिईनेछ ।

- कृषि क्षेत्रमा निम्न लिखित कार्यक्रमलाई अवलम्वन गर्ने नीति लिईने छ :
  - अर्गानिक उत्पादनमा जोड दिने ।
  - विरुवा जन्य कृषिलाई बढावा गर्ने ।
  - प्रत्येक घरमा २ वटा विरुवा लगाउन अनिवार्य गर्ने ।
  - कौसी तरकारी खेतिको प्रविधिमा जोड दिने ।

**<u>१६. कार्यनीति</u>**

यो पुर्ण सरसफाई वातावरणमैत्री योजनालाई लक्ष्यमा पुऱ्याउन निम्न लिखित कार्यनीतिहरु अवलम्बन गरिनेछ :

१६.१.बहस, पैरवी र जनचेतना अभियान :

कार्यक्रमलाई सबै घर तथा व्यक्ति व्यक्तिमा पुऱ्याउन निम्नलिखित तरिकाहरु कार्यान्वयनमा ल्याइनेछ ।

- संचार माध्यम (टेलीभिजन, एफ.एम., रेडियो, पत्रपत्रिकाको जस्ता ) बाट कार्यक्रमहरु प्रशारण ।
- तालिम, गोष्ठी, सेमिनार, ऱ्याली, अभिमुखिकरण कार्यक्रम ।
- सरसफाइ सप्ताह,
- सरसफाइ मेला महोत्सव,

- अवलोकन भ्रमण,
- पर्चा, पम्प्लेट, होर्डिङ्गबोर्ड
- घरदैलो कार्यक्रम, सडक नाटक, दोहरी गीत प्रतियोगिता, लोकनृत्य तथा अन्य उपयुक्त कार्यक्रम तथा प्रतियोगिता ।
- स्थानीय अन्य उपयुक्त तरिकाहरु आदि ।

**१६.२.सार्वजनिक शौचालय निर्माण र सञ्चालन** :

सार्वजनिक स्थल, चौक एवं संघ संस्थाहरुमा बाल, लैंगिक तथा अपाङ्गमैत्री सार्वजनिक शौचालय निर्माण, व्यस्थापन तथा प्रयोग गरिनेछ । सार्वजिक शौचालय निर्माण एवं व्यवस्थापनमा निजि तथा सार्बजनिक संस्थाहरुको सहभागिता सुनिश्चित गरिनेछ । सार्बजनिक शौचालयमा वायो ग्याँस एवं मल चर्पी प्रविधि जडान गरिने प्रयत्न गरिने छ भने सञ्चालनको लागि स्थानीय समुदायलाई जिम्मेवारी दिइने ब्यबस्था मिलाइनेछ । सार्वजनिक शौचालयमा नियमित पानी आपुर्तीको व्यवस्था सुनिश्चित भई व्यवस्थापनको जिम्मा स्थानीय समुदायले लिने सम्झौता पछि मात्र निर्माण कार्य अघि वढाइनेछ । सार्वजनिक शौचालय शहरी र अर्ध शहरी क्षेत्रमा आवश्यक संयन्त्र तयार गरि व्यवस्थित गरिनेछ भने ग्रामिण क्षेत्रमा सम्वन्धित समुदाय र टोल विकास संस्था/वडा समितिले संयुक्त रुपमा व्यवस्थापनको जिम्मा लिएपछि मात्र निर्माण गरिनेछ । विभिन्न सार्वजनिक समारोहमा घुम्ति शौचालय प्रयोगको व्यवस्था मिलाईनेछ र संकलित पिसावलाई कृषि प्रवर्धनका लागि प्रयोगको व्यवस्था मिलाइनेछ ।

**१६.३ सरसफाइ सम्बन्धी नियमको बिकास:**

सरसफाइलाई मानवीय जीवन पद्धतिका रुपमा विकास गर्न निर्माण भएका सरसफाई सुविधाको नियमित प्रयोग तथा व्यवस्थापनका लागि समुदाय स्तरमा सरसफाई सम्वन्धि आचार संहिता तयार गरी लागु गरिनेछ । आचार संहिता पालना नगर्ने संस्था तथा व्यक्तिलाई निरुत्साहित गर्न दण्ड जरिवानाको व्यवस्था गरिने छ ।

**१६.४.नेतृत्वदायी संस्थाहरुको परिचालन :**

यस कार्यक्रमको समग्र नेतृत्व नगरपालिकाले गर्नेछ । कार्यक्रमको कार्यान्वयन नगर खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति (M-WASH-CC) र वातावरणमैत्री स्थानिय शासन समितिले गर्नेछ । यस अभियानको दैनिक कार्य संचालनको लागि नगरपालिकाको कार्यालयमा नगर पुर्ण सरसफाई वातावरणमैत्रीको सचिवालय रहनेछ । कार्यक्रमलाई तोकिएको समयावधि भित्र सम्पन्न गर्न आवश्यकता अनुसार नगरपालिका, वडा तथा टोल तहमा खानेपानी र सरसफाइको क्षेत्रमा कार्यरत संघ संस्था, पत्रकार महासंघ, सञ्चार माध्यम , गैर सरकारी संस्था, समुदायमा आधारित संस्थाहरु र विद्यालयहरु जस्ता संघ /संस्थाहरु परिचालन गरिनेछ ।

**१६.५.संचार समन्वय र सहयोग**

- सरसफाई तथा वातावरण सम्बन्धी कामको प्रचार गर्ने,
- सरसफाइ तथा वातावरणमा उत्कृष्ट काम गर्ने समुहका लेख, अर्न्तवार्ता प्रकाशन र प्रसारण गर्ने,
- सरसफाइ तथा वातावरणमा उत्प्रेरणा जगाउने सूचना, कार्यक्रम उत्पादन गरी स्थानीय संचार माध्यम रेडियो, टि.भी. र पत्रपत्रिकामा प्रसारण र प्रकाशन गर्ने,

- स्थानीय स्तरमा हुने सभा गोष्ठीहरुमा सरसफाइ तथा वातावरण सम्बन्धी विषय समावेश गर्ने,
- "कृषी उद्यममा आधारित हरित शहर, वातावरणिय स्वच्छ, समृद्ध र सुन्दर नगर" भन्ने नारालाई निरन्तर स्थानीय मिडियामा प्रचार प्रसार गर्ने ।
- विद्यालय तथा सार्वजनिक स्थानहरुमा पर्चा, पम्प्लेट, होडिङ्ग बोर्ड राखि प्रचार प्रसारमा विशेष अभियान चलाउने ।
- विभिन्न पक्षहरुका विचमा अन्तरसंवाद कार्यक्रम संचालन गर्ने

**१६.६.नौलो तथा सिर्जनशील प्रविधि**

- समुदाय र भौगोलिकतालाई ध्यानमा राखी अभियान संचालन गर्ने,
- कम लगानी र नौलो प्रविधिको विकासमा जोड दिने,
- कार्वन ब्यापारको आय नगर तहमा ल्याउनका लागि राजनीतिक तथा प्रशासनिक पहल गर्ने र कार्वन ब्यपारबाट प्राप्त अनुदानलाई सरसफाइमा लगानी गर्ने,
- बायो ग्यास निर्माणमा जोड दिने,
- शहरी र अर्धशहरी क्षेत्रमा फोहर व्यवस्थापनलाई आय आर्जनका प्रविधिसंग जोडेर परिचालन गर्ने,
- फोहोर व्यवस्थापनबाट उद्यान, उद्धम तथा वागबानी निर्माण गरी फोहोरबाट मोहोर कमाउने सिद्धान्त बमोजिम डम्पिङ साईडमा जाने फोहरको उत्पादनलाई न्यूकिरण गर्ने ,

**१६.७.सहकार्य र साझेदारी**

कार्यक्रम राजनीतिक पार्टीहरु, नगर स्थित सरकारी कार्यालयहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैसस, समुदायमा आधारित संस्थाहरु, महासंघहरु, सामुदायिक वन उपभोक्ता समिति, सहकारीहरु, बाल क्लव, धार्मिक आस्थामा आधारीत संस्थाहरु, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, वायो ग्यास, कम्पनी, ग्रामीण ऊर्जा बिकास कार्यक्रमका समूहहरु, विद्यालयहरु, निजी क्षेत्र, ब्यबसायी संघहरु, बैकहरु, संचार माध्यमहरु र नागरिक समाज आदिको सहकार्य र साझेदारीमा अभियानको रुपमा संचालन गरिनेछ ।
विशेष गरि सरसफाइले स्वास्थ्यमा पारेको प्रभावको अध्ययन स्वास्थ्य कार्यालयहरुको साझेदारीमा गरिनेछ ।

**१६.८.शहरी सरसफाइ**

शहरी जनसंख्याको बृद्धि संगै निर्माण क्षेत्रको व्यापक बृद्धिका सन्दर्भमा नगरपालिकाले सरसफाई सेवा र सुविधाको योजना वनाउँदा प्रविधिको लागत, प्रभावकारिता, लागत सहभागिता, संयन्त्र र संरचना मर्मत सम्भारको दीगोपनामा उचित ध्यान दिइनेछ । सरसफाई पूर्वाधारको निमित्त प्रविधि र लगानीको छनौट गर्दा स्थानीय (आर्थिक, प्राविधिक र संस्थागत) क्षमता र प्रविधिको, ढाँचा, निर्माण र संचालनका सम्बन्धमा विशेष रुपले विचार गर्नु पर्दछ । व्यवस्थित अनुगमन तथा कार्यान्वयन मार्फत्

बर्षातको पानीको ढल निकास सहित शहरी सरसफाई प्रणालीको दीगोपनालाई सम्बन्धित न.पा. र जि.वि.स. भित्रका सरोकारवालाहरुसंग समन्वय र परामर्शका माध्यमबाट सुदृढ तुल्याइनेछ । शहरी र अर्ध-शहरी क्षेत्रहरुमा सरसफाइ सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गर्दा पूर्ण सरसफाइको मर्मलाई पूर्ण रुपमा आत्म साथ गरिनेछ । फोहरमैलाको प्रभावकारी व्यवस्थापनका लागि देहायका रणनीतिहरुलाई ध्यानमा राखिनेछ :-

- विकेन्द्रित सरसफाइका विकल्पहरुलाई आत्मसात गर्ने ।
- फोहोर मैलालाई स्रोतको रुपमा लिने र यसका लागि उत्पादित फोहरलाई प्रकृति अनुसार ( सडने, नसडने तथा हानीकारक फोहर) छुट्याउने ।
- पूर्वाधारको योजना तर्जुमा गर्दा देखि नै फोहोर व्यवस्थापन प्रणालीको ढाँचा र संचालनका चरणमा नियमित मर्मत संभारको पक्षमा ध्यान दिने ।
- स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्ने ।
- फोहोरमैला व्यवस्थापन प्रणालीको योजना र व्यवस्थापनका लागि स्थानीय स्तरकै उद्यमीहरुलाई सार्वजनिक निजि साझेदारीको माध्यमवाट संलग्न गराउने ।
- कम्पोष्ट मल बनाउने र फोहरमैलाको पुनः प्रयोग र पुनःचक्रण (Recycle) को लागि समुदायलाई सक्षम तुल्याउने ।
- शहरी सरसफाइ सेवालाई प्रभावकारी र दक्ष बनाउन प्रदुषकले तिर्ने (Polluters pay) सिद्धान्तको विकास र कार्यान्वयन गर्ने ।
- सके सम्म बर्षातको पानी, घरायसी सरसफाइको फोहर, औद्योगिक प्रदूषण र जोखिम प्रकृतिका अस्पताल र औद्योगिक प्रतिष्ठानबाट निष्काषित हुने फोहर मैलाको अलग अलग संकलन, प्रशोधन र विसर्जन प्रणालीको व्यवस्था गर्ने ।
- रामधुनी-भासि नगरपालिकामा गुडने सार्वजनिक एवं निजी सवारी साधन तथा वटुवाहरुले जथाभावी फाल्ने फोहरलाई व्यवस्थित रुपमा विसर्जन गर्न निर्धारीत ठाउँहरुमा कन्टेनरको व्यवस्था गर्ने,
- प्लाष्टिकको झोलाको प्रयोगलाई पुर्ण रुपमा बन्देज गर्ने र यसको उचित विसर्जनको व्यवस्था मिलाउने

**१६.९. लैङ्गिक मूलप्रवाहीकरण र समावेशीकरण सरसफाइ** :

सबै कार्यक्रम र क्रियाकलापहरुमा लैङ्गिक संवेनशीलतालाई आत्मसाथ गरिनेछ । नगर तहका सहजकर्ता लगायत सबै तहका समन्वय समितिहरुमा कम्तिमा पनि एक तिहाइ सदस्यहरु महिला तथा तेश्रो लिंगी हुनुपर्ने प्रावधानलाई सुनिश्चित गरिनेछ । सल्लाहकार टोलीमा समेत समुचित ढङ्गले लैङ्गिक सन्तुलन कायम गरिनेछ । यसैगरी क्षमता अभिवृद्धि सम्बन्धी सबै तालिम/कार्यशालाहरुमा पनि सहभागीहरुको लैङ्गिक सन्तुलन मिलाइनेछ । लैङ्गिक सम्वेदनशीलतालाई ध्यानमा राखी वकालत र सूचना, शिक्षा तथा संचार सामग्रीहरु तयार पारिनेछ ।

महिला तथा तेश्रो लिंगीको सहभागीतालाई कार्यक्रम संचालनका सम्पूर्ण चरणहरुमा सुनिश्चित गरिनेछ । समुदायमा पछाडी परेको वर्ग (दलित जनजाती) समुदायलाई समन्वय समितिमा उचित स्थान दिइनेछ भने कार्यक्रमका प्रत्येक चरणमा सम्मान जनक सहभागिता सुनिश्चित गरिनेछ । पछाडि परेको वर्ग समुदायलाई क्षमता अभिवृद्धिका कार्यक्रम मार्फत सक्षम वनाइनेछ ।

## **१७. कियाकलापहरु**

### **१७.१ प्रवर्द्धनात्मक कृयाकलापहरु**

- पोस्टर, व्रोसर पम्फ्लेट, भित्ते लेखन, होर्डिङ्ग वोर्ड आदि जस्ता प्रचारात्मक तथा प्रसारात्मक सामग्रीहरु उत्पादन तथा वितरण गर्ने,
- नगरपालिकाले पूर्ण सरसफाइ तथा वातावरणमैत्री हुने घर, बडालाई सेवा परिचय पत्र बनाइ वितरण गर्ने र सोको लगत अध्याबधी गर्ने,
- सरकारी एवं गैरसरकारी कार्यालयमा पूर्ण सरसफाइ तथा वातावरणमैत्री सम्वन्धि घोषणा पत्र जारी गर्ने,
- पत्रपत्रिका, टीभी, रेडियोमा पूर्ण सरसफाइ तथा वातावरणमैत्री सम्वन्धी गतिविधि, सूचना सफलताका कथा सम्वन्धी जानकारी तथा कार्यक्रम प्रचार प्रसार गर्ने ।
- सरसफाइलाई हरेक बर्ष, पर्वका रुपमा भव्य जुलुस/आमसभा गरी प्रचारात्मक प्रकारले कार्यक्रम गर्ने ।
- पूर्ण सरसफाई वातावरणमैत्री सम्वन्धी सार्वजनिक सुनवाई तथा प्रगति समिक्षा गर्ने ।
- नगरपालिका तथा वडा स्तर सम्मका राजनैतिक दलका कार्यकर्ताहरुलाई खुल्ला दिसा मुक्त पश्चातको अबस्था र पूर्ण सरसफाइ तथा वातावरणमैत्री अभियानमा संवेदनशील बनाउन प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने ।
- पूर्ण सरसफाइ वातावरणमैत्री सम्वन्धी बाल भेलाको आयोजना गरी ( नगर स्तरिय वाल संजाल मार्फत) बाल कार्यक्रम गर्ने र उचित पुरस्कारको व्यवस्था गरी बालबालिकाहरुलाई प्रोत्साहन गर्ने ।
- सामुदायिक र संस्थागत दुवै विद्यालयहरुका सेवा क्षेत्रहरुमा पूर्ण सरसफाई वातावरणमैत्रीका क्रियाकलापहरु संचालन गर्ने ।
- पर्चा, पोष्टरहरुको माध्यमबाट पानीलाई शुद्धिकरण गर्ने तरीकाहरुको बारेमा चेतना अभिवृद्धि गर्ने ।
- धरासायी संस्थागत शौचालयलाई मर्मत तथा पुनः निर्माण गर्ने तथा शौचालयको उचित व्यवस्थापन नभएका संस्थाहरुमा उचित व्यवस्थापनको लागि आवश्यकता अनुसार नयाँ शौचालयको निर्माण गर्न समेत लगाउने ।
- खानेपानीको अभाव भएका स्थानहरुमा खानेपानीको उचित व्यवस्थापनको लागि डिप ट्यूवेल गाड्ने तथा पानी टंकिको पाईप विस्तार गर्ने ।

### १७.२ प्रोत्साहनमूलक कार्यक्रमहरु

- नगरपालिकाले पूर्ण सरसफाई वातावरणमैत्रीको आनीबानीमा परीबर्तनको लागि नमुना तथा उत्कृष्ट भएको घर परिवारलाई विभिन्न प्रकारका सुविधामा प्राथमिकता प्रदान गर्ने । सेवा प्रदायक निकायले आफ्नो कार्यसम्पादनको क्रममा सम्पर्कमा आएका व्यक्ति तथा संस्थालाई पूर्ण सरसफाइ तथा वातावरणमैत्री वनाउन सल्लाह दिने र सम्भव भएमा पूर्ण सरसफाइ वातावरणमैत्री बनाउने अन्तिम मिति सहितको प्रतिबद्धता गराउने । पूर्ण सरसफाइ भएका घरका विद्यार्थीलाई नगरपालिकावाट विशेष प्रोत्साहन गर्ने ।

- नगरका विभिन्न निकायवाट प्रवाह गरिने सेवा सुविधामा पनि पूर्ण सरसफाई वातावरणमैत्री भएका घर परिवार र टोल विकास संस्था तथा वडालाई विशेष प्राथमिकता दिने ।

- पूर्ण सरसफाइ वातावरणमैत्री घोषणा गर्ने टो.वि.स. एंव वडालाई  नगरपालिकावाट दिने योजना कार्यक्रममा विशेष प्राथमिकता दिने र निर्धारित समयमा पूर्ण सरसफाइ वातावरणमैत्रीको आधारभूत मापदण्ड पुरा गर्न नसक्ने वडा तथा टो.वि.स.लाई प्रदान गरिने सहयोगमा कमी ल्याउने साथै मापदण्ड पुरा गर्ने वडा तथा टो.वि.स.लाई प्रदान गरिने सहयोग थप गर्ने ।

### १७.३ क्षमता अभिवृद्धिका कार्यक्रमहरु

**क्षमता अभिबृद्धि सम्वन्धिमा निम्न कार्यक्रमहरु गरिने छ :**

#### क) नगरस्तर

- नगरपालिकामा कार्यरत सामाजिक परिचालक एंवम यस प्रकारका कार्य गर्ने अन्य संघ संस्थाका सामाजिक परिचालहरुको क्षमता अभिवृद्धि गरि कार्य मिम्वेवारी र भुमिका थप गरि परिचालन गरिने छ ।

- नगर खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिका सदस्य एवं अन्य सरोकारवालाहरुलाई लक्षित गरी चेतनामुलक अभिमुखिकरण जस्ता कार्यक्रम र गोष्ठीहरु सञ्चालन गरी सरोकारवालाहरुको क्षमता अभिबृद्धि गराउने ।

- नगर स्तरीय सरोकारवालाहरु, कार्यदलका प्रतिनिधि, राजनैतिक संयन्त्रका प्रतिनिधि, संबन्धित सामाजिक संघ / संस्थाहरु, सञ्चारका प्रतिनिधिहरुलाई पूर्ण सरसफाइ वातावरणमैत्री नमूना नगर तथा जिल्लाहरुमा अध्ययन/अवलोकन भ्रमणको आयोजना गर्ने ।

- पूर्ण सरसफाइ वातावरणमैत्री सम्वन्धि सुचना संकलन, प्रकाशन तथा प्रशारण गर्न नगर स्थित संचार कर्मिहरुको ज्ञान सिप र क्षमता अभिवृद्धि गर्ने कार्यक्रम आयोजना गर्ने ।

- पूर्ण सरसफाइ वातावरणमैत्रीको सहजकर्ताको तालिम संचालन गर्ने र तालिम पश्चात वडा तथा टो.वि.स.हरुमा परीचालन गर्ने ।

#### ख) वडा तथा टोल स्तर

- कार्यक्रममा क्रियाशिल हुने वडा नागरिक मंच तथा टो.वि.स.मा भएको पदाधिकारीहरु मध्येवाट सम्पर्क व्यक्ति पहिचान गर्ने र तिनिहरुको क्षमता अभिवृद्धि गर्दै निश्चित कार्य

कार्ययोजनाका साथ काम गर्ने वातावरण तयार पार्ने ।

- खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय वडा समितिका पदाधिकारी, वडा नागरिक मंचका पदाधिकारी, टो.वि.सं.का पदाधिकारी, स्वास्थ्य स्वयसेविका, विद्यालय व्यवस्थापन समिति, शिक्षक, युवा क्लव, वाल क्लव, वन उपभोक्ता समुह, स्थानिय स्तरका संघ/ सस्था र स्थानिय राजनैतिक दलका प्रतिनिधिहरु तथा सम्पर्क व्यक्तिको लागि अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ।

  - उत्प्रेरणाको लागि बडा, टो.वि.स. तथा टोल तहमा उत्प्रेरक छनौट गरी तालिम दिइनेछ । यस्ता उत्प्रेरक, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHV) शिक्षक, सामाजिक कार्यकर्ता, अगुवा महिला, युवाहरु हुन सक्नेछन् । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन दिई यो अभियानमा परिचालन गरिनेछ ।

## १८ सगंठनिक संरचना :

### क.नगर समिति :

नगरपालिकामा खानेपानी तथा सरसफाइ स्वच्छता समन्वय नगर समिति २५ सदस्य देहाय अनुसार रहनेछन् ।

| | |
|---|---|
| ✓ नगर प्रमुख | अध्यक्ष |
| ✓ नगरपालिका सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |
| ✓ सदस्यहरु कमश : प्रत्येक वडाको खा.तथा स.स.स्व.स.का प्रतिनिधिहरु १ जनाको दरले सदस्यहरु १० जना, | सदस्य |
| ✓ स्वास्थ्य संस्था वाट प्र./प्र. भा.सि. र सिंगिया वाट १/१, गरी जम्मा २जना, | सदस्य |
| ✓ महिला स्वास्थ्य स्वय सेविकाहरु मध्ये भा.सि. र सिंगिया खण्डबाट १/१ जना गरी २ जना | सदस्य |
| ✓ वडा नागरिकका प्रतिनिधिहरु मध्ये महिला १ र पुरुष १, गरी जम्मा २ जना | सदस्य |
| ✓ बाल संजालको १ वालक र १ वालिका गरि जम्मा २ जना | सदस्य, |
| ✓ टोल विकास संस्था समन्वय समिति वाट १ जना | सदस्य, |
| ✓ सरसफाईमा न.पा. भित्रका कार्यरत संघ संस्थाका प्रतिनिधिहरु २ जना | सदस्य |
| ✓ सरसफाई विज्ञहरु मध्येवाट नगरपालिकाले मनोनित गरेको २ जना | सदस्य |
| ✓ वतावरण मैत्री स्थानिय शासन समितिको प्रतिनिधि १ जना | सदस्य |

### ख. नगर समितिको काम कर्तव्य र अधिकार

पूर्ण सरसफाइ वातावरणमैत्री सम्वन्धी क्रियाकलाको सञ्चालनको लागि आवश्यक पर्ने नीति तथा योजना निर्माण गर्ने काम यस समितिले गर्ने छ ।

## ग. वातावरणमैत्री स्थानिय शासन नगर समन्वय समिति ।

नगरमा निम्न अनुसारको वातावरणमैत्री स्थानिय शासन नगर समन्वय समिति रहने छ :

| | |
|---|---|
| ✓ नगर प्रमुख | अध्यक्ष |
| ✓ कार्यकारी अधिकृत | सदस्य |
| ✓ जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि | सदस्य |
| ✓ जिल्ला विकास योजना अधिकृत तथा प्रशासकिय अधिकृत | सदस्य |
| ✓ जिल्ला प्राविधिक कार्यालय प्रमुख वा प्रतिनिधि | सदस्य |
| ✓ खानेपानी तथा सरसफाई कार्यलय प्रमुख वा प्रतिनिधि | सदस्य |
| ✓ जिल्ला बन अधिकृत वा प्रतिनिधि | सदस्य |
| ✓ जिल्ला शिक्षा अधिकारी वा प्रतिनिधि | सदस्य |
| ✓ जिल्ला स्वास्थ्य कार्यालय प्रमुख वा प्रतिनिधि | सदस्य |
| ✓ मालपोत कार्यालय प्रमुख वा प्रतिनिधि | सदस्य |
| ✓ नापी कार्यालय प्रमुख वा प्रतिनिधि | सदस्य |
| ✓ जिल्ला कृषी विकास कार्यालय प्रमुख वा प्रतिनिधि | सदस्य |
| ✓ जिल्ला पशु कार्यालय प्रमुख वा प्रतिनिधि | सदस्य |
| ✓ जिल्ला भु–संरक्षण कार्यालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| ✓ उधोग बाणिज्य संधका प्रमुख वा प्रतिनिधि | सदस्य |
| ✓ गैर सरकारी संस्थाको नगर समन्व समितिका प्रमुख वा जिल्ला प्रतिनिधि | सदस्य |
| ✓ सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

## घ. वातावरणमैत्री स्थानिय शासन नगर समन्वय समितिको काम, कर्तव्य र अधिकार ।

❖ नगर क्षेत्रमा संचालन हुने वातावरण, विपद् भु उपयोग वर्गिकरण र फोहर मैला व्यवस्थापन सम्वन्धि सबै कार्यक्रमको समन्वय, अनुगमन, मुल्याँकन तथा समिक्षा गर्ने ।

❖ वडाहरुलाई पुर्ण सरसफाई वातावरणमैत्री वनाउन सहयोग समन्वय तथा सहजिकरणका साथै पुर्ण सरसफाई वातावरणमैत्री घोषणा गर्न सहमति प्रदान गर्ने ।

❖ पुर्ण सरसफाई वातावरणमैत्री नगरपालिका घोषणा गर्न केन्द्रिय कार्यान्वयन समितिमा सिफारिस साथ अनुरोध गर्ने ।

- ❖ नगर क्षेत्रमा सञ्चालित एवम् संचालन हुने सरसफाई वातावरण, विपद् तथा फोहर व्यवस्थापन सम्वन्धि कार्यक्रमहरुलाई यस रणनीतिक योजनामा उल्लिखित सुचक हासिल गर्ने गरि आफ्ना क्रियाकलाप संचालन गर्नका लागि नगरपरिषदमा सिफरिस गर्ने ।
- ❖ नगरक्षेत्र भरिका पुर्ण सरसफाई वातावरण मैत्री घर–परिवार, टोल तथा वडाका संख्या चौमासिक रुपमा जिल्ला विकास तथा स्थानिय विकास मन्त्रालय र सम्वन्धित निकायहरुमा पठाउने व्यवस्था मिलाउने,
- ❖ नगरपालिका क्षेत्रलाई पुर्ण सरसफाई वातावरण मैत्री वनाउन आवश्यक अन्य कार्यहरु गर्ने,

**ङ) वडा समिति**

प्रत्येक वडामा वडा स्तरिय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय वडा समिति तपसिल वमोजिम आवश्यक्ता हेरी सबै क्षेत्रलाई समेटी ९ देखि १७ जना सम्मको देहाय अनुसार गठन गर्न सकिने छ ।

- ➢ वडामा भएको विद्यालय प्रतिनिधि १
- ➢ वडामा भएको युवा कल्वहरु मध्ये प्रतिनिधि १
- ➢ वडामा भएको संघ संस्था/टोल विकास संस्थाहरु मध्ये महिला १ र पुरुष १ गरि प्रतिनिधि २
- ➢ वडामा भएको स्वास्थ्य स्वयम सेविकाहरु मध्ये वाट प्रतिनिधि १
- ➢ वडामा भएको बाल क्लवका प्रतिनिधिहरु मध्ये वाट वालक १ र बालिका १ गरि २ जना,
- ➢ वडामा रहेको नागरिक सचेतना केन्द्र वाट प्रतिनिधि  १ जना,
- ➢ वाडामा रहेका लक्षित समुहहरु मध्ये वाट महिला १ र पुरुष १ गरि २ जना,
- ➢ सरसफाई सम्वन्धि निरन्तर रुपमा काम गरि अनुभव प्राप्त भएका व्यक्तिहरु मध्ये महिला २ र पुरुष २ जम्मा ४ जना ।
- ➢ नगरिक वडा मंचको प्रतिनिधि १ जना
- ➢ आवश्यक्ता अनुसारका अन्य प्रतिनिधिहरु

**च) टोल समिति**

वडा भित्र रहेको टोल विकास संस्था तथा टोल अन्तरगत खानेपानी तथा सरसफाई स्वच्छता समन्वय टोल समिति तपसिल वमोजिम आवश्यक्ता हेरी सबै क्षेत्रलाई समेटी ५ देखि ७ जना सम्मको देहाय अनुसार गठन गर्न सकिने छ ।

- ➢ टोलमा भएको विद्यालय प्रतिनिधि १
- ➢ टोलमा भएको युवा कल्वहरु मध्ये प्रतिनिधि १
- ➢ टोलमा भएको स्वास्थ्य स्वयम सेविकाहरु मध्ये वाट प्रतिनिधि १
- ➢ टोलमा भएको बाल क्लवका प्रतिनिधिहरु मध्ये वाट वालक १ र बालिका १ गरि २ जना,
- ➢ टोलमा रहेका लक्षित समुहहरु मध्ये वाट महिला १ र पुरुष १ गरि २ जना,
- ➢ आवश्यक्ता अनुसारका अन्य प्रतिनिधिहरु

**१८.१ वडा तथा टोल समितिको काम, कर्त्यव्य र अधिकार**

गठित समितिको पदावद्धि २ वर्षको रहनेछ । नगर तथा वडा समितिको बैठक प्रत्येक  महिनामा १ पटक अनिवार्य रुपमा वस्नु पर्ने छ र टोल समितिको बैठक वर्षको ६ पटक बस्नु पर्ने छ । वडा

समितिको समन्वयमा आवश्यक परे टोल स्तरिय समितिहरु पनि गठन गर्न सकिने छ । नगर समितिले गरेको नीतिगत निर्णय तथा कार्यक्रमहरुलाई वडा तथा टोल समितिहरुले कार्यान्वयन गर्न सहयोग गर्ने कार्यहरु गर्ने छ । यसको अतिरीक्त गठीत समितिले निम्न कार्यहरु गर्ने छन ।

- वडा, नगरको योजना तर्जुमा प्रकृयालाई सहयोग पुऱ्याउने, घरधुरी/वडा, नगर स्तरमा स्वच्छता र सरसफाई वातावरणको व्यवहार परिवर्तन प्रक्रिया शुरु गराउने, वडा/गाँउ टोल तहमा कार्य समिति वनाउन सहजीकरण गर्ने ।

- वास(wash) कार्यक्रम कार्यान्वयनका लागि खानेपानी उपभोक्ता तथा सरसफाई समिति गठन/क्रियाशिल गराउने , खानेपानी उपभोक्ता तथा सरसफाई समिति, सामुदायीक स्वास्थ्य तथा सरसफाइ कार्य समिति, संस्थागत व्यवस्थापन समितिहरुमा सवै जातजाति, समूहहरु ( कम्तिमा ३३% महिला तथा तेश्रो लिंगी ) को समानुपातिक प्रतिनिधित्व भएको सुनिश्चित गर्ने ।

- व्यवहार परिवर्तन क्रियाकलाप, खानेपानीको आयोजना, वास (wash) कार्यान्वयनका विभिन्न चरणका अनुगमन र मूल्यांकन कार्यलाई समन्वय गर्ने ।

- विभिन्न तहका समिति/उपसमितिमा सवै वर्ग, समूह, जातजातिको प्रतिनिधित्व भएको र उनीहरुको सक्रिय सहभागिता (वैठक, आमभेला, निर्माण कार्य आदिमा) भइराखेको छ भन्ने कुरा सुनिश्चित गर्ने तथा विपन्न र उपेक्षित जातजातिका समाजिक र आर्थिक उत्थानका कार्यक्रम संचालनमा टेवा पुऱ्याउने ।

- घरायसी पानी आपूर्ति आयोजना क्षेत्रमा हुने विवादहरु जस्तै मूलको विवाद सुल्झाउने ।

- टोल/गाउँ/वडा स्तरका वास (WASH) कार्यान्वयनका प्रगतिको नियमित समीक्षा गर्ने,

- टोल/गाउँ/वडा स्तरमा वास (WASH) कार्यान्वयनको रणनीतिक समीक्षा तयार गर्ने र यसको परिणाम नगर मार्फत अन्य निकायमा पेश गर्ने ।

- वडा तथा टोल स्तरमा हुने तालीमको समन्वय गर्ने , वडा टोल स्तरमा जागरण तालीम संचालन गर्ने काममा सहजीकरण गर्ने ।

- टोल/गाउँ/वडा/नगरलाई स्वच्छता तथा सरसफाइ कोष स्थापना गर्न अभिप्रेरित गर्ने ।

## १९ पुरस्कार र कदरपत्र

### १९.१ नगर स्तरिय सरसफाइ पुरस्कार :

